**आकाशवाणी समाचार- नेपाली**

मितिः २९ जुलाई २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- लोकसभामा हिज ऑपरेशन सिंदूरमाथि विशेष चर्चा आरंभ भयो। चर्चामा रक्षा मंत्री राजनाथ सिंहले सरकारले पाकिस्तानलाई कड़ा संदेश दिएको बताउनु भयो।

- कांग्रेस नेता गौरव गोगोईले जम्मू-कश्मीरमा सुरक्षा व्यवस्थामाथि प्रश्न उठाउनुभयो।

- प्रधानमंत्री नरेंद्र मोदीले हिज लोकसभामा ऑपरेशन सिंदूरमाथि चर्चा अवधि विदेश मंत्री डॉ. एस. जयशंकर अनि रक्षा मंत्री राजनाथ सिंहको भाषणहरुको सराहना गर्नुभयो।

- राष्ट्रीय शिक्षा नीति 2020 को आज 5 वर्ष पूरा भएको छ।

- अमरीकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसलाई आजबाट दस देखि बाह्र दिनको नयाँ कम-अवधिको समय सीमा दिनुभएको छ।

**<u>लोकसभा - ऑपरेशन सिंदूर</u>**

लोकसभामा हिज पहलगाममा भएको आतंकवादी हमला बिरुद्ध भारतको सशक्त, सफल अनि निर्णायक अभियान - ऑपरेशन सिंदूरमाथि विशेष चर्चा आरंभ भयो। चर्चा शुरू गर्नुहुँदै रक्षा मंत्री राजनाथ सिंहले भन्नुभयो, सरकारले पाकिस्तानलाई कड़ा संदेश दिएको छ कि आतंकवाद अनि बातचीत एकै साथ चल्न सक्दैन। उहाँले भन्नुभयो, भारतीय सशस्त्र बलहरुले पहलगाममा पर्यटकहरुमाथि भएको हमलाको जवाबमा नौ आतंकवादी ठेगानाहरु नष्ट गरी, सय भन्द अधिक आतंकवाददीहरुलाई मरेको छ।

Byte राजनाथ सिंह

रक्षा मंत्रीले भन्नुभयो पाकिस्तानी हमलाको सामना अत्याधुनिक वायु रक्षा प्रणालि एस-400 र आकाश मिसाइलले असफल गरिदियो| उहाँले स्पस्ट बताउनुभयो कि पाकिस्तानी हमलामा भारतीय पक्षलाई कुनै अहम सैन्य नुकसान भएको छैन। उहाँले पाकिस्तान र भारत बीच संघर्ष विरामको घोषणा दबावमा गरिएको हो भन्ने ति दाबीहरुको पनि खंडन गर्नुभयो । श्री राजनाथ सिंहले पाकिस्तानको सैन्य अभियान महानिदेशकले भारतका डीजीएमओ सित संपर्क गरी सैन्य कार्रवाई रोकने गुहार लगाएको थियो। उहाँले भन्नुभयो यस बर्ष 12 मईमा दुवै देशका डीजीएमओ बीच औपचारिक बातचीतमा सैन्य अभियान रोकने निर्णय गरिएको थियो।
श्री सिंहले आतंकवादी गतिविधिहरुलाई बढ़ावा दिन पाकिस्तानको कडा आलोचना गर्नुहुँदै आतंकवादलाई आफ्नो विदेश नीतिको हथियार बनाएको छ। उहाँले भन्नुभयो, पाकिस्तान वैश्विक आतंकवादको प्रशिक्षण केन्द्र बनेको छ अनि आफ्नो राजकीय नीतिको आधार बनाएको छ। उहाँले प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा भारत आतंकवादसित जुझ्नका लागि जुनै हदसम्म जाने बताउनु भयो|

(एस/बी- राजनाथ सिंह)

चर्चामा हस्तक्षेप गर्नुहुँदै विदेश मंत्री डॉ. एस. जयशंकरले भन्नुभयो पहलगाम हमलाआची एक स्पष्ट, सशक्त अनि दृढ़ संदेश दिन महत्वपूर्ण थियो । उहाँले सरकारले वैश्विक स्तरमा पहलगाम हमलामा पाकिस्तानको संलिप्त भएको उजागर गर्न कदम उठाइएको

बताउनुभयो। उहाँले भन्नुभयो यो भारतीय कूटनीतिको सफलता हो कि पहलगाम हमलाको जिम्मेदारी लिने 'द रेजिस्टेंस फ्रंट' लाई अमरीकाले वैश्विक आतंकवादी संगठन घोषित गरेको छ।

(एस/बी- डॉ. जयशंकर)

कांग्रेस नेता गौरव गोगोईले जम्मू-कश्मीरमा सुरक्षा व्यवस्थामाथि प्रश्न उठाउनुभयो। उहाँले भन्नुभयो सरकार पहलगाममा भएको कायरतापूर्ण आतंकी हमलाका दोषिहरुलाई पक्रिनु असमर्थ छ। उहाँले ऑपरेशन सिंदूर अवधि संघर्ष विरामको घोषणामाथि पनि सरकारलाई प्रश्न गर्नुभयो। उहाँले अंतरराष्ट्रीय संगठनले पाकिस्तानलाई आर्थिक मदद दिएको छ जसले भारतीय कूटनीतिको विफलतालाई दर्शाएको छ।

समाजवादी पार्टीका रमाशंकर राजभरले भन्नुभयो पहलगाम आतंकी हमलाका ज़िम्मेदार आतंकवादीलाई अझसम्म पक्रनु सकेको छैन।

**प्रधानमंत्री-- संसद भाषण सराहना**

प्रधानमंत्री नरेंद्र मोदीले हिज लोकसभामा ऑपरेशन सिंदूरमाथि चर्चा अवधि विदेश मंत्री डॉ. एस. जयशंकर अनि रक्षा मंत्री राजनाथ सिंहको भाषणहरुको सराहना गर्नुभयो। प्रधानमंत्रीले सोशल मीडिया पोस्टमा ती भाषणहरुलाई उत्कृष्ट अनि गहिरो सूझबूझले भरिएको बताउनु भयो| श्री मोदीले भन्नुभयो डॉ. जयशंकरले आफ्नो भाषणमा बिस्वले ऑपरेशन सिंदूरको माध्यमबाट आतंकवादको खतरासित लड़ने भारतको दृष्टिकोणलाई स्पष्ट रूपले सुनेको छ। रक्षा मंत्रीको भाषणबारे प्रधानमंत्रीले भन्नुभयो, राजनाथ सिंहले ऑपरेशन सिंदूरमा भारतको सुरक्षा तंत्रको सफलता र हाम्रो सशस्त्र बलहरुको साहसको गहन विश्लेषण प्रस्तुत गर्नुभयो।

**राष्ट्रीय शिक्षा नीति- पांच वर्ष**

राष्ट्रीय शिक्षा नीति 2020 को आज 5 वर्ष पूरा भएको छ। राष्ट्रीय शिक्षा नीति भारतका विद्यालयहरुलाई ज्ञान प्राप्त गर्ने यस्तो स्थानहरुमा बदलाव गर्ने महत्वाकांक्षी योजना हो जहाँ शिक्षा केवल पाठ्यपुस्तकहरुमा सीमित न होस। हाम्रो संवाददाताले बताए अनुसार पछिलो पांच वर्षमा यस नीतिले भारतमा अधिक समावेशी, शिक्षार्थी-केंद्रित र भविष्य अनुरूप शिक्षा प्रणालीको आधार राखेको छ।

**विशेष गहन संशोधन - ममता बनर्जी**

पश्चिम बंगालका मुख्यमन्त्री ममता बनर्जीले बुथ स्तरका अधिकारीहरूलाई राज्यमा निर्वाचन आयोगद्वारा लागू गरिएको कुनै पनि विशेष गहन संशोधनको बारेमा सतर्क रहन आग्रह गर्नुभएको छ। उहाँले बुथ स्तरका अधिकारीहरूलाई आम जनतालाई हैरानी नगर्न आग्रह गर्नुभयो र उनीहरू निर्वाचन आयोगको लागि काम गर्छन् तर उनीहरूलाई राज्य सरकारले तलब दिने स्पस्ट बताउनु भयो। पश्चिम बंगालको वीरभूम जिल्लामा एक प्रशासनिक बैठकमा भाग लिने क्रममा मुख्यमन्त्री ममता बनर्जीले चेतावनी दिनुभयो कि यदि निर्वाचन आयोगले मतदाता सूचीबाट कसैको नाम हटायो भने यसको गम्भीर परिणाम हुनेछ।

पश्चिम बंगाल विधानसभाका विपक्षी नेता भाजपाका शुभेन्दु अधिकारीले ममता बनर्जीको यो टिप्पणीको आलोचना गर्नुभएको छ । आफ्नो सामाजिक सञ्जाल पोस्टमा उहाँले भन्नुभयो ममता बनर्जीको टिप्पणी लोकतान्त्रिक प्रक्रियामाथि ठूलो आक्रमण हो र स्वतन्त्र र निष्पक्ष चुनावको लागि काम गर्ने बीएलओहरूलाई धम्की दिने कार्य हो। शुभेन्दु अधिकारीले निर्वाचन आयोगलाई ममता बनर्जीको बीएलओहरूलाई दिएको निर्देशनको संज्ञान लिन र उचित अनुसन्धान गर्न अनुरोध गर्नुभएको छ।

**राजस्थानका मुख्यमन्त्री- शिवराज सिंह चौहान**

राजस्थानका मुख्यमन्त्री भजनलाल शर्माले नयाँ दिल्लीमा केन्द्रीय कृषि तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानलाई भेटेर ग्रामीण तथा कृषि क्षेत्रको समग्र विकाससँग सम्बन्धित विभिन्न मुद्दाहरूमा छलफल गर्नुभएको छ। बैठकमा श्री चौहानले ग्रामीण विकास मन्त्रालयले हालै चालू आर्थिक वर्षको लागि महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी ऐन (मनरेगा)

अन्तर्गत राजस्थानलाई ४,३८४ करोड रुपैयाँ जारी गरेको जानकारी दिनुभयो।यसमा कामदारहरूको लागि ३,२८६ करोड रुपैयाँ, सामग्रीको लागि ९४४ करोड रुपैयाँ र प्रशासनिक खर्चको लागि १५४ करोड रुपैयाँ समावेश छ। श्री शर्माले राज्यको तर्फबाट केन्द्रीय मन्त्रीप्रति कृतज्ञता व्यक्त गर्नुभयो।

**पाक-बलोच बेपत्ता**

पाकिस्तानी सेनाले बलुचिस्तानको क्वेटामा एक बलोच परिवारका छ जना सदस्यलाई जबरजस्ती बेपत्ता पारेको छ। बलोच राष्ट्रिय आन्दोलन-पीएसीको मानव अधिकार विभागले रिपोर्ट गरेको छ -पाकिस्तानी सेनाले बलुचिस्तानमा निरन्तर यातना दिएर मानिसहरूको हत्या गरिरहेको छ। पछिल्लो घटनामा, जुलाई २६ को रात, पाकिस्तानी सैनिकहरूले क्वेटाको सोहेब लांगोमा रहेको उनीहरूको घरबाट छ जनालाई जबरजस्ती उठाए। उनीहरूलाई अज्ञात स्थानमा लगिएको छ जसको बारेमा परिवारलाई थाहा छैन। पीएसीले जबरजस्ती बेपत्ता पार्ने र सामूहिक सजाय दिने यो गैरकानूनी कार्यको कडा निन्दा गरेको छ र पाकिस्तानी सेनाको यस्तो कार्य बलुचिस्तानमा मानव अधिकारको घोर उल्लङ्घन हो भनी अधिकार विभागले बताएको छ। पाकिस्तानी सेनाले मानिसहरूलाई उठाउँछ र बेपत्ता बनाउँछ। यी गैरन्यायिक हत्याहरू बलुचिस्तानमा पाकिस्तानको सरकारको नीतिको एक हिस्सा बनेका छन् भनी बताएका छन्|

**ट्रम्प-रूस-**

अमरीकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यूक्रेनमा युद्ध विराममा सहमतिको लागि रूसलाई आजबाट दस देखि बाह्र दिनको नयाँ कम-अवधिको समय सीमा दिनुभएको छ। अमरीकी राष्ट्रपतिले भन्नुभय-अब अझै पर्खिने कुनै कारणको अर्थ छैन किनभने शान्तिको दिशामा कुनै प्रगति भएको छैन। ट्रम्पले भन्नुभयो -हप्ता दिन पहिले भन्नुभएको थियो -युद्ध समाप्त गर्नको लागि राष्ट्रपति व्लादिमीर पुतिनसित 50 दिनको समय छ नभए रूसले कठोर मूल्यको सामना गर्नुपर्नेछ। श्री ट्रम्पले स्कॉटलैंडमा संवाददाता सम्मेलनामा रूससितको प्रतिबंध र अतिरिक्त शुल्क लगाउने धमकी दोहोराउँदै भन्नुभयो-नयाँ समय सीमाको पुष्टि भोलि गरिनेछ।अमेरीकी राष्ट्रपतिले यसभन्दा अघि जुलाईमा भन्नुभएको थियो रूससित व्यापार गर्ने देशहरुलाई सौ प्रतिशत शुल्क लगाइनेछ।